मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २१५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार ७ गते शुक्रबार (Friday, 21 June 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## माईखोलाको बाढीले तीन परिवार विस्थापित

**बनियानी, असार ६।** झापाको शिवसताक्षी नगरपालिका-१० बिहानी टोलको पश्चिमतर्फबाट कन्काई माई खोलाले कटान शुरु गरेपछि यहाँका तीन परिवार विस्थापित भएका छन् ।

टोलका १० घरमध्ये तीनवटा घर अति जोखिममा रहेकाले शिवसताक्षी-१० वडा कार्यालयको समन्वयमा उनीहरूलाई स्थानीय मुक्तिघाटको भवनमा स्थानान्तरण गरिने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । विस्थापित हुनेमा शिवसताक्षी-१० का प्रेमप्रसाद उप्रेती, गोलबसी ऋषिदेव र टुना ऋषिदेवको परिवार रहेको छ ।

### अर्जुनधारामा कांग्रेसद्वारा नगरप्रमुखलाई ज्ञापन

## कक्षा-१२ सम्म नि:शुल्क शिक्षाको माग



**शनिश्चरे, असार ६।** नेपाली कांग्रेस अर्जुनधारा नगरपालिका समन्वय एवम् सहजीकरण समितिले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन एवम् विकास निर्माण क्षेत्रमा नगरस्तर र वडास्तरमा बजेट विनियोजनको माग गर्दै नगर प्रमुखलाई ज्ञापनपत्र बुझाएको छ ।

समितिका संयोजक रञ्जिता कार्कीको नेतृत्वमा गएको नेपाली कांग्रेसका नेता/कार्यकर्ताको टोलीले नगरस्तरीय एवम् वडास्तरीय योजनाहरु समेटेर बजेट विनियोजनको मागसहित ज्ञापनपत्र नगर प्रमुख बलदेव गोम्देनलाई बुझाएको हो । नगरपालिकाले नीति, योजना एवम् बजेट बनाइरहेका बेला नेपाली कांग्रेसका तर्फबाट सहजीकरण समितिले ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमार्फत नगरभित्रका सबै सामुदायिक विद्यालयमा कक्षा-१२ सम्म नि:शुल्क शिक्षा र कृषि विषयको अध्ययन-अध्यापन, दलित, महिला, जनजाति, बालबालिका, सीमान्तकृत वर्ग लक्षित जीवनोपयोगी सिप सम्बन्धी तालिम, नगरभित्रका धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय सम्पदाको संरक्षण र स्तरोन्नति, कृषि क्षेत्रमा 'जहाँ खेती, त्यहाँ विजुली' कार्यक्रम सञ्चालन, कृषकहरुलाई अनुदान तथा कृषि वीमा, पशुको नश्ल सुधार र पशु वीमा, कृषिजन्य उत्पादनको मूल्य निर्धारण एवम् बजार ब्यवस्थापन, अति विपन्न नागरिकहरुको पहिचान गरी समयसापेक्ष सिपमूलक तालिम एवम् रोजगारीको सिर्जना गर्न माग गरिएको संयोजक कार्कीले जानकारी दिए ।

यसैगरी नगर अस्पतालको स्तरोन्नति गरी विशिष्टीकृत सेवा प्रवाह, नगरभित्रका जेष्ठ नागरिक र १० बर्षमुनिका बालबालिकाका लागि पूर्ण नि:शुल्क स्वास्थ्य सेवा एवम् अन्य उमेर समूहको औषधि खरिदमा ५० प्रतिशत छुटको ब्यवस्था गरिनुपर्ने ज्ञापन पत्रमा उल्लेख छ । त्यस्तै लागूऔषधको दुर्व्यसन, महिला हिंसा, घरेलु हिंसा लगायतका विकृति विसंगति विरुद्ध जनचेतना तथा कानूनी सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनुपर्ने माग गरिएको छ ।

अर्जुनधारा-७ नम्बर वडामा रहेको खेलमैदानलाई स्तरोन्नति गरिनुपर्ने, नगरभित्र बहने नदीहरुले

*(बाँकी अन्तिम पृष्ठमा)*

# पार्टीको पद त्याग्ने कि शिक्षक ?

## मन्त्रालयको निर्देशनपछि दलीय राजनीति छाड्दै शिक्षक

**झापा, असार ६।** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीलाई दलीय राजनीतिक आबद्धता त्याग्न दिएको निर्देशनको झापामा सकारात्मक प्रभाव परेको छ ।

शिक्षक-कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समिति सदस्य समेत भएको भन्ने गुनासोपछि शिक्षामन्त्री सुमना श्रेष्ठको गत वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो । सोही निर्देशन अनुसार शिक्षा विकास तथा समन्वय इकाई झापाले सार्वजनिक सूचना जारी गर्दै राजनीतिक दल वा शिक्षक मध्ये एक रोज्न भन्दै सूचना जारी गरपछि झापाका दुई जना शिक्षकले दलको सदस्यता त्यागेका छन् । त्यस्तै एक जना शिक्षकले आफू कुनैपनि दलमा आवद्ध नरहेको भन्दै लिखित जवाफ बुझाएका छन् । उनले शिक्षा विकास तथा समन्वय इकाई झापामा लिखित जवाफ बुझाएका हुन् ।

आफूहरु पहिला दलमा रहेको तर अहिले कुनै पनि दलको सदस्यता नरहेको भन्दै गौरादह नगरपालिका र भद्रपुर नगरपालिकाका शिक्षकले शिक्षा विकास तथा समन्वय इकाई झापालाई लिखित जवाफ दिएका हुन् । त्यस्तै अर्का एक शिक्षकले आफू कुनै पनि दलमा नरहेको भन्दै




लिखित जवाफ दिएको शिक्षा विकास तथा समन्वय इकाई झापाका प्रमुख राजकुमार विकले जानकारी दिए ।

झापाका चार जना शिक्षक विरुद्ध उजुरी परेको र उनीहरुलाई स्पष्टिकरण सोधिएको थियो- विकले भने - तीन जनाले लिखित जवाफ दिएका छन्, एक जनाले जवाफ दिएका छैनन् ।

हालै मात्रै कचनकवल गाउँपालिकामा रहेको लक्ष्मी माध्यमिक विद्यालयमा कार्यरत एक जना शिक्षक विरुद्ध समेत उजुरी परेको छ । त्यस विषयमा समेत स्पष्टिकरण सोध्ने तयारी गरेका छौं -विकले भने । केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाही गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइलाई निर्देशन दिएको थियो । सोही निर्देशन अनुसार झापामा अहिले शिक्षकहरुको छानविन भइरहेको छ ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिई कार्यकारिणी समिति र महाधिवेशन प्रतिनिधि भई काम गरेको उजुरी र गुनासो आएपछि मन्त्रालयले विद्यमान कानूनी व्यवस्था अनुसार सो कार्यलाई निषेध गरेकाले कानूनको प्रभावकारी कार्यान्वयनका लागि निर्देशन दिएको थियो ।

शिक्षकहरूले पढाइ हुने समयमा समेत दलीय राजनीतिमा लागेर शैक्षिक गुणस्तर सुधारमा ध्यान नदिएको गुनासो आएपछि मन्त्रालयले कानूनी व्यवस्थालाई पालना गर्न निर्देशन दिएको हो । साथै शिक्षक संगठनका नेताहरूले आफूहरूको राजनीतिक आस्था हुन पाउने अधिकारलाई बञ्चित नगर्न आग्रह गर्दै आएका थिए ।

शिक्षा ऐन २०२८ (नवौं संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्ध हुन नपाइने व्यवस्था गरेको छ । सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न/गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव हंशबहादुर शाहीका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा ९५० को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन् । कतिपय शिक्षकले भने सम्बन्धित दललाई भनेर आफ्नो सदस्यतालाई नाम परिवर्तन गरेर अभिलेखीकरण गरिदिन आग्रह गरेको पाइएको छ ।

## खोलामा शव फेला

**झापा,असार ६।** झापाको दमक नगरपालिकास्थित रतुवाखोलामा विहीवार बिहान बगाएर ल्याएको अवस्थामा एक पुरुषको शव फेला परेको छ । दमक-७ स्थित रतुवा पुल छेउमा दमक-१ सरस्वती टोलका ५३ वर्षीय मोहन रामदाम (विक) रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए । मृतकका आफन्तले घटनास्थलमा आएर सनाखत गरेपछि पहिचान खुलेको उनले बताए ।

रतुवाखोलाले बगाए ल्याइरहेको अवस्थामा स्थानीयवासीले देखेर प्रहरीलाई खबर गरेका थिए । खोलाबाट बाहिर किनारमा निकालेर हेर्दा मृत्यु भइसकेको प्रहरीले जनाएको छ । कानूनी प्रक्रियाका लागि इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी खटिएको र घटनाका सम्बन्धमा अनुसन्धान शुरु गरेको बताइएको छ ।

## घरेलु तथा लैंगिक हिंसाविरुद्ध सचेतना

**उमानाथ भण्डारी**

**कमल, असार ६।** कमल गाउँपालिका -३ केर्खामा रहेको उद्यमशील महिला जागरण केन्द्रको आयोजना तथा सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको आर्थिक सहयोगमा दुई दिने घरेलु तथा लैंगिक हिंसा विरुद्धको सचेतना गोष्ठी सम्पन्न भयो ।



मंगलमय माध्यमिक विद्यालय र शहीद धर्मभक्त माध्यमिक विद्यालयको सभाहलमा गोष्ठी सम्पन्न भएको थियो । गोष्ठीमा कक्षा ८ देखि १२ कक्षासम्मका सहभागिता थियो ।

घरेलु हिंसा भनेको के हो र कानूनी उपचार के हुन सक्छ, यौन दुर्व्यवहार र बलात्कार र यसको कानूनी व्यवस्था, महिलाका संवैधानिक अधिकार र बाल विवाह, बहुविवाह लगायतका बारेमा अधिवक्ता लक्ष्मी खनाल कोइरालाले सहजीकरण गरेकी थिइन् ।

हामीले समान्य कानूनी कुरा जान्नु पर्दछ । कुनै गल्ती गरेमा मलाई कानून थाहा छैन भनेर उम्कन पाइँदैन त्यसैले हामी समाजमा विभिन्न घटनाहरु घट्ने गरेको कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले बताइन् । उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता उप्रेती दाहालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन उपाध्यक्ष बेदमाया वाग्लेले गरेकी थिइन् ।

## कोशी प्रदेशमा ट्राफिक सप्ताह




**झापा, असार ६।** झापासहित कोशी प्रदेशमा विहीवारदेखि ट्राफिक सप्ताह शुरु भएको छ ।

दुर्घटना न्यूनीकरण तथा सचेतना जगाउने उद्देश्यले कोशीका १४ जिल्लामा एकसाथ ट्राफिक सप्ताह शुरु भएको हो ।

प्रदेश राजधानी विराटनगरसहित १४ वटै जिल्लामा 'ट्राफिक सप्ताह-२०८१' को उद्घाटन गरिएको हो । 'दुर्घटना मुक्त समाजको चाहना- ट्राफिक प्रहरीको कामना'भन्ने मूल नारासहित बिहीबारदेखि शुरु भएको सप्ताहको विराटनगरमा मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरेका गरेका थिए ।

यता झापामा पनि दुई पाङ्ग्रे सवारी बढी मात्रामा दुर्घटनामा पर्ने गरेकाले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले बालबालिकालाई हेल्मेट लगाइदिएर ट्राफिक सप्ताह शुरु गरेको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाबाट विभिन्न संघसंस्थासहित शुरु भएको ¥यालीले बिर्तामोड नगर क्षेत्रको परिक्रमा गरेको थियो ।

सचेतनामूलक प्लेकार्ड सहित शुरु भएको ¥यालीमा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष मेघराज वाँस्तोला, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख प्रकाश विष्ट लगायतका व्यक्तिहरुको ¥यालीमा सहभागिता थियो ।

त्यस्तै सशस्त्र प्रहरी बल नम्बर २ गण १ झापाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक कबीन्द्र राई, अरिदमन गण चारआलीका प्रमुख प्राजु बस्न्यात, राष्ट्रिय अनुसन्धान विभाग झापाका प्रमुख कुलचन्द्र नेपाल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी लगायतको कार्यक्रममा सहभागिता रहेको थियो ।

प्रमुख जिल्ला अधिकारी बाँस्तोला र जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक केसीले दिश्रेया चौधरी र सदिपन गौतमलाई हेल्मेट लगाइदिएर कार्यक्रमको उद्घाटन गरेका थिए ।

नेपालमा मानिसहरूले अधिक सडक यातायात प्रयोग गर्ने र दुर्घटनासमेत बढी हुने गरेकाले जनचेतनामार्फत दुर्घटना न्यूनीकरण गर्न सकिने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए । सप्ताहव्यापी रूपमा मनाइने कार्यक्रममा 'सातै दिन, सातै काम' भन्ने नाराका साथ ट्राफिकसँग सम्बन्धित अलगअलग कार्यक्रम गरिने प्रहरी निरीक्षक न्यौपानेले जानकारी दिए ।

एक हप्ताको अवधिमा ट्राफिक सचेतना जगाउने विभिन्न कार्यक्रमहरू गरिने उनले बताए ।

यसैबीच जिल्ला ट्राफिक प्रहरी कार्यालय झापालाई सहयोग गरेको भन्दै पुष्प भण्डारीलाई सम्मान गरिएको थियो । केयर फष्ट फार्मेसी एण्ड केयर फष्ट डाइग्नोष्टिक सेन्टरका सञ्चालक भण्डारीलाई प्रजिअ बाँस्तोलाले सम्मान गरेका हुन् । उनले जिल्ला ट्राफिक प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी अस्वस्थ भएमा नि:शुल्क उपचार गर्दै आएका छन् ।

## मुहान विवादले सङ्कटमा सिदिन-याङ्नाम खानेपानी योजना

**पाँचथर, असार ६।** मुहान क्षेत्रका बासिन्दाले संरचना निर्माण गर्न र पानी लैजान नदिएपछि पाँचथरको सिदिन-याङ्नाम खानेपानी योजना सङ्कटमा परेको छ ।

फालेलुङ गाउँपालिका-६ र ७ को सीमामा अवस्थित प्युरेखोलामा मुहान थापेर सञ्चालन गर्न लागिएको योजनाको मुहानको विवादले समस्या परेको हो । मुहान प्रयोग गर्ने विषयमा लामो समयदेखि संवाद हुँदै आए पनि स्थानीयवासी अझैसम्म मुहान प्रयोग हुन दिने पक्षमा छैनन् । यही खोलामा मुहान थापेर खानेपानी र सिँचाइका योजना सञ्चालनमा रहेको, पानीका मुहान क्रमश: सुकिरहेको अवस्थामा मुहान दिए निकट भविष्यमै आफूहरूको जीविकोपार्जन सङ्कटमा पर्ने स्थानीयवासीको भनाइ छ । जसका कारण करिब ९१ प्रतिशत भौतिक प्रगति गरेको योजना अघि बढ्न सकेको छैन ।

जिल्लाको फिदिम नगरपालिका वडा नं. १० र फालेलुङ गाउँपालिका वडा नं ८ का सुक्खा प्रभावित क्षेत्रका एक हजार दुई सय ११ परिवारका लागि सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय इलामबाट योजना निर्माण भइरहेको छ । विसं २०७९ असार २३ गते ठेक्का सम्झौता भई निर्माण थालिएपछि नै फालेलुङ गाउँपालिका-७ ले अनुमति र जानकारी नलिई योजना निर्माण शुरु भएको भन्दै निर्माणकार्य रोक्न पत्राचार गरेको थियो । जिल्ला समन्वय समितिको अगुवाइमा भएको छलफलपछि निर्माण शुरु भएको थियो ।

विसं २०८० असोज १३ गते फालेलुङ वडा नं ६ को कार्यालयले समेत निर्माणकार्य रोक्न भनेपछि मुहान क्षेत्रमा काम ठप्प भएको थियो । यद्यपि उपभोक्ता समिति र निर्माण कम्पनीले वितरण क्षेत्रमा निर्माणकार्य सम्पन्न गरेका थिए । मुहानको विवाद समाधान गर्न गत वैशाख १३ र जेठ २० गते सर्वपक्षीय बैठक बसे पनि समाधान निस्कन नसकेको फालेलुङ-८ का वडाध्यक्ष श्रीहाङ केरुङले बताए । सर्वपक्षीय बैठकले समाधान निकाल्न नसकेपछि गत जेठ २६ गतेबाट मुहान क्षेत्रमा संरचना निर्माण थालिएको जेठ ३१ गते स्थानीयवासीले अवरोध गरेपछि निर्माण रोकिएको वडाध्यक्ष केरुङले बताए ।

चालू आवमा योजनाका लागि छुट्टिएको बजेट निकासा गराउनुपर्ने, समयमा निर्माणकार्य रोकिएपछि प्राप्त भएको बजेट फिर्ता हुने र भविष्यमा बजेट प्राप्त गर्ने सम्भावना कम भएको फिदिम -१० का वडाध्यक्ष ओमराज थाम्सुहाङको भनाइ छ । बजेट फ्रिज भएपछि यो योजनाको भविष्य अन्योलमा पर्छ - थाम्सुहाङले भने -दुई वडाको खानेपानीको समस्या समाधानका लागि उक्त योजनाको मुहानभन्दा अर्को उपयुक्त विकल्प पनि छैन ।

मुहान क्षेत्रका बासिन्दाले खानेपानी नदिए आफ्नो क्षेत्रबाट सञ्चालन भएको सडक, विद्युत्, इन्टरनेटलगायत सेवासमेत अवरुद्ध पार्ने योजनाको लाभान्वित क्षेत्रका बासिन्दाले चेतावनी दिएका छन् । उपभोक्ताको भेलाले समस्या समाधान नभए यही असार ९ गतेबाट मुहान क्षेत्र फालेलुङ गाउँपालिका वडा नं ७, ६ लगायतमा प्रवाह हुने विद्युत्सहित सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय गरेको उपभोक्ता समितिका सचिव भूवन जबेगूले बताए ।

तर मुहान क्षेत्रका बासिन्दाले भने आफूहरूसँग समन्वय नै नगरी योजना निर्माण थालिएकाले खानेपानी दिन नसकिने बताउँदै आएका छन् । जिल्ला प्रशासन कार्यालय पाँचथरमा केही समयअघि भएको सर्वपक्षीय छलफलमा मुहान क्षेत्रका बासिन्दा प्रकाश केरुङले भने-त्यही मुहानबाट सिँचाइको व्यवस्था गर्नुका साथै जीविकोपार्जनको माध्यम अलैंची बनाएका छौं । योजनाले अर्को उपयुक्त मुहान खोज्नु ठीक हुन्छ । पटक-पटक भएका छलफलमा स्थानीयवासी मुहान दिन तयार देखिएका छैनन् । यता उपभोक्ताले भने सुक्खायाममा मुहानमा हुने पानीको एकतिहाइ पानी दिन आग्रह गरिरहेका छन् । वर्षायाममा भने पानी प्रशस्तै हुने हुनाले मुहान क्षेत्रमा कुनै प्रभाव नपर्ने उपभोक्ताको भनाइ छ ।

यस योजनामा अहिलेसम्म ९१ प्रतिशत भौतिक प्रगति र ८३ प्रतिशत वित्तीय प्रगति भएको छ । विसं २०७९ असार २३ मा अञ्जना-पराजुली-पाथीभरा जेभीले ३० महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी रु. १३ करोड ६० लाख ९१ हजार छ सय ८६ लागतमा योजनाको ठेक्का लिएको थियो । मुहानको विवाद र निर्माणकार्यमा अवरोध हुँदा आयोजनाको भविष्य नै सङ्कटमा पर्ने निर्माण कम्पनीका प्रतिनिधि लोकेन्द्र राजभण्डारीले बताए ।

योजनाले एक हजार दुई सय ११ घरका पाँच हजार आठ सय तीन जनसङ्ख्या लाभान्वित हुनेछन् । योजनामा ७२ दशमलव २३ किलोमिटर पाइपलाइन, ११ वटा मुख्य पानी भण्डारण ट्याङ्की, २३ वटा बिपीटी, ४५ वटा भल्भ च्याम्बर, ८० वटा ब्लक तथा पाइप सपोर्ट पोस्ट, फिल्टर ट्याङ्कीलगायत संरचना छन् । योजनाको

*(बाँकी अन्तिम पृष्ठमा)*

# मेचीनगरका वडामा छैनन् नागरिक बडापत्र

**झापा, असार ६ ।** मेचीनगर नगरपालिकाका सबै वडा कार्यालयले अझैसम्म वडावासीलाई प्रदान गरिने सेवा, सुविधा, लाग्ने शुल्क र समयसीमा किटान गरिएको 'नागरिक बडापत्र' राखेका छैनन् ।

कार्यालयमा बडापत्र नराख्दा सेवाग्राही मर्कामा परेका छन् । बडापत्र कार्यालयमा नहुँदा सेवाग्राही काम कहाँ गराउने, सम्पर्क कसलाई गर्ने, शुल्क र समय कति तिर्ने भन्ने विषयमा अन्योलमा पर्ने गरेको जनाइएको छ । मेचीनगर नगरपालिकाका १५ वटै वडामा नागरिक बडापत्र राखिएका छैनन् । हरेक सरकारी कार्यालय परिसरमा सेवाग्राहीले देख्न सक्ने ठाउँमा नागरिक बडापत्र राख्नुपर्ने कानूनी व्यवस्था छ । मेचीनगरका वडा कार्यालयले यो नियम पालना गरेका छैनन् ।

मेचीनगर-१० का सम्रता न्यौपानेले कार्यालयमा बडापत्र नराख्दा सेवा लिन जाँदा झन्झट बेहोर्नुपरेको गुनासो गरिन् । कुन सेवा कहाँ गएर लिने, कसलाई भेट्ने ? समस्या भयो - उनले भनिन् -यता सोध्यो, उता जानु भन्छन्, उता सोध्यो, फलानो कागज खोइ भन्छन् । यो त झन्झटिलो भयो नि । नागरिक बडापत्र राखिदिएको भए पढ्नेले सजिलै काम गर्न सक्थे ।

उनले आफूले कर्मचारीसँग सोधेरै काम गराउनु परेको र सरकारी दस्तुर कति लाग्ने भन्नेबारे पनि कर्मचारीबाटै जानकारी लिनुपरेको बताइन् । सेवाग्राहीलाई झन्झटबाट मुक्त गराउन पनि कार्यालयमा नागरिक बडापत्र अनिवार्य रहेको उनको भनाइ छ ।

नागरिक बडापत्र हालसम्म कार्यालयमा नभएको वडा नम्बर ६ का अध्यक्ष ललित तामाङले तत्काल बनाउन कर्मचारीलाई निर्देशन दिएको बताए । उनले भने - विगतमा हाम्रो कमजोरी भयो । चाँडै कार्यालयमा नागरिक बडापत्र राखेर सेवाग्राहीलाई सेवा लिन सहज बनाउँछौं ।

मेचीनगर -७ का वडाध्यक्ष प्रह्लादमणि ओलीले नागरिकको सूचनाको हक सुनिश्चित गर्नका लागि नागरिक बडापत्र आवश्यक रहने बताए । उनले नगरपालिका कार्यालयबाटै बडापत्र बनाएर पठाउने भनेकाले अहिलेसम्म पर्खिएर बसेको जनाउँदै अब बाटो नहेर्ने र आफैं नागरिक वडापत्र राख्न लागेको बताए ।

जनतालाई सूचनाको हकबाट वञ्चित गर्न मिल्दैन । जति ढिलो भयो-भयो, अब साउन १ गतेदेखि कार्यालयमा जनताले देख्ने स्थानमा नागरिक बडापत्र राख्छौं - उनले भने । बडापत्रले सेवाप्रदायक सरकारी निकायलाई सेवाग्राहीका आवश्यकताप्रति उत्तरदायी, जवाफदेही र जिम्मेवार बनाउने हुँदा सबै कार्यालयमा यसलाई राख्न आवश्यक छ ।

## कक्षा...

बर्षेनि विपद्का घटना भइरहेको र क्षति बढिरहेकोतर्फ ध्यानाकर्षण गराउँदै ज्ञापनपत्रमा विपद् पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरिनुपर्ने, टाङटिङ र बिरीङ जलाधार क्षेत्रमा हरित करिडोर निर्माण गरी पूर्व पश्चिम महेन्द्र राजमार्गसँग जोड्नुपर्ने, नगरभित्रका खानेपानी तथा सरसफाई योजनाहरुको स्तरोन्नति गरी सबै नगरिकसमक्ष स्वच्छ पानी पुऱ्याउनुपर्ने, सरल भाडादरमा नगरबस सञ्चालन गर्नुपर्ने, नगरपालिकालाई जग्गा उपलब्ध गराउने दाताको शालिक निर्माण गरिनुपर्ने माग गरिएको छ ।

यसैगरी वडा न.-१ मा शान्तिचोकदेखि मदनपुरसम्म नहर विस्तार गर्नुपर्ने, खैरेनी क्षेत्रको पहिरो नियन्त्रण गरी बाटोको स्तरोन्नति एवम् माटे जाने बाटोको स्तरोन्नति गरिनुपर्ने, वडा नं २ मा राते घाटगद्दीदेखि मदन भण्डारी मार्ग जोड्ने सडक, ध्रुव न्यौपानेको घर अगाडिदेखि मदन भण्डारी मार्ग जोड्ने सडक, मिलन चोकदेखि कुमाल गाउँ जाने बाटो, स्थानीय तीनखुट्टे बरबाट मदन भण्डारी मार्ग जोड्ने बाटो, राते गोयाङ पैनीको स्तरोन्नति गरी कपरड्यामको दुवै किनारामा तारजाली व्यवस्थापन गर्न माग गरिएको छ ।

अर्जुनधारा नगरपालिका वडा नं-३ को सुखानी खोलामा तटबन्धन गर्नुपर्ने, त्रिपुरेश्वर मार्ग, गरुवाचोक-जुकेखाडी मार्ग, मिलन चोक-भोर्लेनी सडक कालोपत्रे, स्थानीय ८ वटा बाटाहरुको स्तरोन्नति गरिनुपर्ने, बुढी सुखानी खानेपानी योजना पूर्ण गर्नुपर्ने, विभिन्न टोलका सिंचाइ आयोजनाहरु सम्पन्न गरी कृषि तथा पशुपालन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न माग गरिएको ज्ञापनपत्रमा वडा नं-४ को मदनपुर कल्भर्ट-सानो चोक सडक सुधार एवम् उक्त बाटोमा पर्ने कल्भर्ट मर्मत, सहसी बस्ती-विन्ध्यवासिनी हुँदै देवानचोक जोड्ने सडक सुधार गर्नुपर्ने माग गरिएको छ ।

वडा नं-५ अन्तरगत फूलमती खोलाको कचवेमा पुल निर्माण गरिनुपर्ने, अर्जुनधारा-६ मा अन्धुवाखोला तटबन्धन, युवा लक्षित स्वरोजगार कार्यक्रम सञ्चालन, पशुपति टोलको रोड नं १ देखि ११ सम्मका बाटाहरुको स्तरोन्नति, नालासहित कालोपत्रे एवम् विद्युत लाइन सुधार, दासपुल रोडका विभिन्न बाटाहरुको स्तरोन्नति एवम् १ नंम्बर रोडमा विजुलीको पोल ब्यवस्थापन, पूर्वेली टोल, बालविकास टोल, छाताचोक पश्चिम, सुकुम्बासी बस्ती, कप्तानबारी-दुर्गामन्दिरको बाटो स्तरोन्नतिसहितका २१ वटा योजना नगरको बजेटमा समावेश गर्न माग गरिएको छ ।

यसैगरी वडा नं. -७ मा ९ वटा बाटोको स्तरोन्नति, जीवन उपयोगी सिप र स्वरोजगारी सिर्जना, आधारभूत स्वास्थ्य चौकी भवनको पुनर्निर्माण, वडा स्वास्थ्य कार्यालयमा टिटानसको औषधि भण्डारणका लागि चिस्यान मेसिन खरिदका लागि बजेट ब्यवस्थापन, कृषकहरुलाई मल तथा उन्नत जातको वीऊ विजन, पशु वीमा र नश्ल सुधारका कार्यक्रमलाई बजेटमा समेट्न माग गरिएको ज्ञापनपत्रमा वडा नं-८ मा विभिन्न ८ वटा बाटोको स्तरोन्नति एवं सन्थाल बस्तीमा निर्माणाधिन पर्खाल निर्माण कार्य सम्पन्न गर्नका लागि बजेट विनियोजन गर्न माग गरिएको छ ।

स्थानीय सेतीदेवी मन्दिर परिसरको सातपत्रे खोलामा प्लम निर्माण, अति विपन्न बस्तीका सय घर परिवारलाई आवास निर्माण, जीवनोपयोगी सिप विकास तालिम, स्थानीय बरडाँडा, राना गाउँ, नर्मदेश्वर शिवालय छेउ, नारायण चोक उत्तर, प्राप्ति टोल लगायतका ५ स्थानमा डिप बोरिङका लागि बजेट विनियोजनको माग गरिएको छ ।

यसैगरी अर्जुनधारा-९ का ६ वटा सडकको स्तरोन्नति एवम् कालोपत्रे, गजुरेल, दाहाल, खरबन्दी कठेत खड्का पैनीको मर्मत-सम्भार एवम् स्तरोन्नति, १५ वटा डिप बोरिङ र ५० वटा ट्युवबेल, त्यहाँस्थित चारवडा बाल विकास केन्द्रलाई खेल सामग्री ब्यवस्थापन, श्री आधारभूत विद्यालय र खरबन्दी आधारभूत विद्यालयमा भवन निर्माण र कम्पाउण्ड वाल निर्माणका लागि बजेट विनियोजन गरिनुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ ।

यसैगरी अर्जुनधारा-१० मा पाँचवटा बाटोको स्तरोन्नति एवम् कालोपत्रे, डेसा बाँध तटबन्ध र कुलो निर्माण, सेतीपानी जेष्ठ भवन निर्माण, जमदार कुलोको स्तरोन्नतिको माग गरिएको छ भने वडा नं-११ मा पनि विभिन्न सातवटा सडकको स्तरोन्नति एवम् कालोपत्रे, स्वाभिमान वस्ती पश्चिमपट्टिको पैनीमा तटबन्ध, टोल नं-४ र ५ मा विजुली पोल व्यवस्थापनका लागि बजेट विनियोजन गर्न माग गरिएको छ ।

सबै वडाहरुमा आमा समूहका लागि बाजा बजाउने तालिम, सिलाई कटाई एवम् उपयोगी सिपमूलक तालिमका लागि बजेट विनियोजन गर्न माग गरिएको ज्ञापनपत्रमा पशु नश्ल सुधार, कृषि विमा र कृषकलाई राहत एवम् सिंचाइका लागि स्थान अनुसारको आवश्यकता पूर्ण गर्न बजेट विनियोजनको माग समेत गरिएको छ ।

नेपाली कांग्रेस झापाले एकसाता अघि पार्टीका तर्फबाट नगर प्रमुख वा उपप्रमुखका विजयी जनप्रतिनिधि तथा उम्मद्वारहरुको संयोजकत्वमा १५ वटै पालिकामा पालिकास्तरीय समन्वय एवम् सहजीकरण समिति गठन गरेको थियो । नेपाली कांग्रेसका तर्फबाट अर्जुनधारा नगरपालिका नगरप्रमुखको उम्मेद्वार रहेकी कार्कीको सयोजकत्वमा गठित 'नेपाली कांग्रेस अर्जुनधारा नगर समन्वय एवम् सहजीकरण समिति'का सदस्यहरुमा हेमराज खरेल, जीवनकुमार भण्डारी, भीष्म मिश्र, उपेन्द्र बस्नेत, गीताराज खड्का, पम्फा विश्वकर्मा, गंगाप्रसाद मैनाली, गोपीचन्द्र गौतम रहेका छन् ।

## मुहान ...

निर्माणकार्य गरेवापत हालसम्म रु. ११ करोड ३६ लाख १४ हजार आठ सय ५३ रुपैयाँ आफूलाई भुक्तानीसमेत भइसकेको निर्माण कम्पनीले जनाएको छ ।

योजनाको सबै पानी भण्डारण ट्याङ्की, उपभोक्ता समितिको भवन, पानी प्रशोधनशाला निर्माण भइसकेको छ । पाइपलाइन तथा वितरण लाइनको अधिकांश निर्माणकार्य सकिएको छ भने एक हजार दुई सय ११ घरमध्ये एक हजार ३२ घरमा धारा जडान सम्पन्न भएको उपभोक्ता समितिले जनाएको छ ।






**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-०४, झापाको**

## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८१।०३।०७**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यावसायिक तथा घरायसी प्रयोजनका लागि लिएको कर्जाको संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दस्तुर नतिरेको र सर्म्पूण कर्जाको भाका समेत नाघी कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋण तथा जमानी सदस्यहरुलाई सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जातर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुँदा तपसिल विवरणमा उल्लेखित ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो ३५ दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नु होला । अन्यथा यस संस्थाको ऋण लगानी तथा असुनी सम्बन्धी नियमावलि, संस्थाको बिनियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी सम्पूर्ण कर्जा रकम असुलउपर प्रकृया अगाडि बढाइने ब्यहोरा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | तीनपुस्ते बिवरण | न. प्र. न. /जारी मिति | ऋण लिएको मिति | जगाधनीको बिवरण | जग्गाको ठेगाना | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रेम चन्द्र साह | बिर्तामोड -३ | बुवा :- अनिरुद्र साह<br>हजुरबुवा :- वंशी साह | ०४३०१२/४८५<br>जारी मिति २०६३/०२/२९ | २०७६/०८/०६ | नाम :- पेम चन्द्र साह बुवा :- अनिरुद्र साह<br>हजुरबुवा :- वंशी साह | अनारमनी -२ | ८३ | १२७.९७ |
| २. | पुनम थापा | अर्जुनधारा -४ | बुवा :- भुवन थापा<br>हजुरबुवा :- डम्बर बहादुर थापा | ६९७११३९५<br>जारी मिति २०६१/०२/२५ | २०७७/०९/०३ | नाम :- पुनम थापा बुवा :- भुवन थापा<br>हजुरबुवा :- डम्बर बहादुर थापा | अनारमनी -४ | ११३० | ३३८.६३ |

**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, बिर्तामोड-०४, झापाको**

## कर्जा चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८१।०३।०७**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यावसायिक तथा घरायसी प्रयोजनका लागि लिएको कर्जाको संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा बुझाउनुपर्ने साँवा, ब्याज र अन्य दस्तुर नतिरेको र सर्म्पूण कर्जाको भाका समेत नाघी कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुँदा ऋणी तथा जमानी सदस्यहरुलाई सम्पूर्ण कर्जा रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जातर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुँदा तपसिल विवरणमा उल्लेखित ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस संस्थामा सम्पर्क राखी लिएको कर्जाको साँवा ब्याज तथा अन्य दस्तुर समेत चुक्ता गर्नु होला । अन्यथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी नियमावली, संस्थाको बिनियम तथा सहकारी ऐन २०७४, नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी सम्पूर्ण कर्जा रकम असुलउपर प्रकृया अगाडि बढाइने ब्यहोरा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको नाम थर | ठेगाना | तीनपुस्ते बिवरण | न. प्र. न. जारी मिति | ऋण लिएको मिति | जगाधनीको बिवरण | जगाको ठेगाना | कित्ता नम्बर | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सुमित्रा श्रेष्ठ | अर्जुनधारा-६ | बुवा : लेख बहादुर श्रेष्ठ<br>हजुरबुवा : लक्ष्मी नारायण श्रेष्ठ | ८१९७९<br>जारी मितिः २०६२/०९/०५ | २०७९/०३/१६ | नाम : सुमित्रा श्रेष्ठ, बुवा : लेख बहादुर श्रेष्ठ<br>हजुरबुवा : लक्ष्मी नारायण श्रेष्ठ | साबिक नकलबन्दा-५ | १७१३ | १७७७.८ |
| २. | अर्जुन साउदेन | बिर्तामोड-१ | बुवा : रुपध्वज साउदेन<br>हजुरबुवा : महासिंह साउदेन | ३७२८०/१२८<br>जारी मितिः २०४८।०३।३० | २०७५/११/२२ | नाम : अर्जुन साउदेन, बुवा : रुपध्वज साउदेन<br>हजुरबुवा : माहासिंह साउदेन | साबिक पाराखोपी-७ | ३८९०/४१२८ | ३३८.६३/ ४२३.२८ |
| ३. | माया प्रसाई | बिर्तामोड-१ | बुवा : टंकनाथ प्रसाई<br>हजुरबुवा : रामचन्द्र प्रसाई | २०२९२<br>जारी मितिः २०६०/१२/१० | २०७७/१२/०३ | नाम : माया प्रसाई, बुवा : टंकनाथ प्रसाई<br>हजुरबुवा : रामचन्द्र प्रसाई | साबिक चारपाने-१ | ९१६२ | १६०.८४० |
| ४. | बलराम रनपहेली | बिर्तामोड-१ | बुवा : लिलाधर दर्जी<br>हजुरबुवा : दधिराम रनपहेली | ०९-०१-७१-०३५२८<br>जारी मितिः- २०७१/१२/१५ | २०७३/०५/०७ | नाम : बलराम रनपहेली, बुवाः लिलाधर दर्जी<br>हजुरबुवा : दधिराम रनपहेली | साबिक चारपाने-१ | २९७७ | १०१.५९ |
| ५. | लता कुमारी श्रेष्ठ | बिर्तामोड-१ | बुवा : टेक बहादुर श्रेष्ठ<br>हजुरबुवाः सिद्दीमान श्रेष्ठ | ०४१०१३/७५<br>जारी मितिः २०६३/१२/०१ | २०७६/०२/२४ | नाम : लता कुमारी श्रेष्ठ, बुवा : टेक बहादुर श्रेष्ठ<br>हजुरबुवा : सिद्दीमान श्रेष्ठ | साबिक चारपाने-१ | ५९१८/५९१३ | ११४.२८/२९.६३ |

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# प्रति कार्ययोजना तत्काल ल्याऊ

**यस वर्ष मनसुन शुरु भएको हप्ता दिनभित्रै कोशी प्रदेशमा आठ जनाको मृत्यु भइसकेको छ । कोशीका पूर्वी जिल्लाहरु ताप्लेजुङ, पाँचथर, तेह्रथुम, संखुवासभामा मनसुन प्रारम्भ भएको पहिलो हप्तामै जनधनको क्षति भइसकेको छ । त्यहाँ परेको अविरल वर्षाले कैयौंको घर बगाएको छ भने सयौं विस्थापित भएका छन् । संघीय सरकारले विपद् पूर्व तयारीमा लाग्न निर्देशन दिए पनि प्रदेश सरकारले भने मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना नै पारित गरेको छैन । कार्ययोजना नै नभई प्राकृतिक विपदामा उद्धार तथा राहत वितरण गर्ने मूल विषय नै अन्योलमा रहेको छ । मुख्यमन्त्रीको अध्यक्षता रहने कार्य योजनाका आधारमा उद्धार तथा राहतको कार्य अघि बढाइनुपर्ने थियो । यसैबेला पूर्वी भेगमा मानवीय साथै भौतिक क्षति भइसकेको छ, तर कार्ययोजना नहुँदा प्रदेश सरकार भने अल्मलिएको छ ।**

**कार्ययोजनाको ड्राफ्ट बनिसकेको छ, तर मुख्यमन्त्री अध्यक्ष रहेको विपद् परिषद् समितिबाट पास भइनसकेका कारण कार्ययोजनाले पूर्णता पाएको छैन । जसका कारण अहिले भइरहेका विपद्का घटनामा प्रदेश सरकार रमिते जस्तै भएको छ । विपद् कार्यकारी समितिका विज्ञ सदस्य राजकुमार दाहालले प्रति कार्ययोजना पास भएपछि जिम्मेवारी अनुसार सबै अङ्ग सक्रिय हुने दाबी गरेका छन् । यस वर्षाको मनसुनको प्रभावको आंकलन गर्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुनजन्य विपद्बाट कोशी प्रदेश सबैभन्दा धेरै प्रभावित हुने बताएको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाले समेत आंकलन गरे जस्तै मनसुन शुरु भएको छोटो समयमै कोशी प्रदेशमा बाढी र पहिरोले ठूलो क्षति गरिसकेको छ ।**


**यो वर्ष मनसुनजन्य विपद्मा कोशी प्रदेशमा मात्रै चार लाख ९५ हजार तीन सय ५२ जना प्रभावित हुने अनुमान छ । त्यस्तै एक लाख १३ हजार तीन सय ५३ घरधुरी प्रभावित हुने र पाँच हजार घरमा बसेकाहरुलाई उद्धार तथा राहत दिनुपर्ने गृहमन्त्रालयको तथ्यांकमा उल्लेख छ । पूर्वी नेपालमा सक्रिय रहेको यी जिल्लामा लगातार वर्षा भइरहेको छ । यसले यो वर्ष बाढी र पहिरोकै कारण धेरै क्षति व्यहोर्नुपर्ने अनुमान गर्न सकिन्छ । त्यसैले कार्ययोजना यथाशीघ्र पारित गरेर कार्यान्वयनमा लाग्नु प्रदेश सरकारको पहिलो जिम्मेवारी हो । त्यसैगरी संघीय प्रदेश र स्थानीय सरकारले पनि तत्काल प्रति कार्य र उद्धार तथा राहतलाई तीव्र ढंगले अघि बढाउनुपर्छ । सँगै यस्ता विपद् निम्तिनुमा जिम्मेवार मानवीय गतिविधिलाई नियन्त्रण गर्न वातावरण संरक्षणमा जोड दिनु पर्दछ । यसै पनि डोजरे विकासले विपद् बढेको भन्दै विज्ञहरुले प्रकृतिमैत्री भौतिक विकासमा लाग्न सुझाएका छन् । तसर्थ घटनापछि पछुतो गर्नुभन्दा समयमै सावधानी अपनाउनु बुद्धिमानी हुन्छ ।**

### सामाजिक सञ्जाल

पहिले झोला किनिदेउ भन्ने, झोला किनिदिएपछि अब हात्ती किनिदेउ भन्ने, हात्ती किनिदिएपछि यो हात्ती झोलामा लाइदेउ भन्ने बच्चाको फेला परियो भने के गर्ने होला ?

**– राजेन्द्र लिङ्देन**





देश सुरक्षित बन्न बलियो बन्नुपर्छ, जनता बलिया बन्नुपर्छ।
छिमेकीहरूको सुरक्षाबिरूद्ध नजाँदासम्म म उनीहरूबाट खतरा देख्दिनँ ।
देशले अप्ठेरा दिन पनि धान्नसक्ने गरी सोच्नुपर्छ ।
शक्ति राष्ट्रहरूको हानथापमा तानिन हुँदैन ।
राष्ट्रको सर्वोपरि हितमा सम्बन्ध सञ्चालन गर्नुपर्छ ।

**– निलाम्बर आचार्य**

हिजोका खराब थिए त्यसैले गर्दा भोलिका पनि खराब हुन्छन् भन्ने सोचाइ- भाग्यवादी र जडताको सोचाइ हो । आशावादी मान्छे हरेक व्यवधानमा समाधान देख्दछन् ।

**– रेखा थापा**



# अर्थतन्त्र उकास्न उद्यमशीलता



**मुरारी ढुंगेल**

दिगो विकास र आर्थिक क्रियाकलाप बिना देशको अर्थतन्त्र उकास्न सम्भव छैन। देशमा स्थिर सरकार भएन, वर्षैपिच्छे सरकार परिवर्तन भइरह्यो, चुलिँदो व्यापार घाटालाई देशले झेल्न विवश भयो भने देशको आर्थिक क्षेत्र डामाडोल हुन्छ। त्यसको असर देशको आर्थिक क्षेत्रमा देखा परिहाल्छ।

केही समय पहिले नेपालको आर्थिक अवस्था खस्कँदो थियो । नेपाली अर्थतन्त्रको संरचनामा क्रमशः परिवर्तन आइरहेको छ, तर यसले गुणात्मक उपलब्धि भने अझै पनि प्राप्त गर्न सकेको छैन। कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्ने र सेवा क्षेत्रको योगदान बढ्ने प्रवृत्ति देखिएको छ, जसलाई सरकारले बुझेर त्यही अनुसारको योजना अगाडि सार्न सक्नु पर्छ। व्यापार घाटा र आर्थिक मन्दीले देशको अर्थतन्त्र नै चौपट हुनबाट रोक्न सरकारले पहलकदमी लिनु पर्छ। वैदेशिक व्यापारको क्रममा विश्वका करिब एक सय १५ भन्दा बढी मुलुकसित नेपालले वस्तु आयात तथा निर्यात गर्दै आएको छ। यस प्रकारको आँकडा भए पनि झन्डै ६८ देशमा मात्र नेपाली वस्तु निर्यात हुँदै आएका छन्।

बजारलाई नजिकबाट नियाल्ने हो भने यसको अवस्था दिन प्रतिदिन गिर्दो छ। बजार अनुगमन र मूल्य समायोजन हुन नसक्दा उपभोक्ता पीडित छन्। नयाँ प्रविधि नयाँ तौरतरिकाको अभावले जति लागतमा जति उत्पादन हुनुपर्ने हो, त्योभन्दा कैयौँ गुणा बढी लागत लगाउनु पर्ने भएकाले उत्पादनमा लागत बढ्दै छ। मूल्यको तुलनाले पनि विदेशी उत्पादनसित नेपालमा उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न मुस्किल पर्छ र निर्यातमा कमी आउँछ। विदेशी बजारको मागलाई पहिचान गरी सोही बमोजिम उत्पादन गर्न र बजार विस्तार गर्न सकेको देखिँदैन। त्यसैगरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि पनि आवश्यक हुन्छ। यसका निम्ति राज्य पक्ष र नेपाली उद्यमी दुबैले जाँगर देखाउनुपर्छ। उत्पादित वस्तु र सेवाको व्यापार दिगो र दीर्घकालीन हुनुपर्छ। तब मात्र निर्यात हुने वस्तुले उचित बजार पाउँछ अनि प्रतिस्पर्धात्मक हुन पनि सघाउँछ।

नेपालले आफ्नो दिगो विकास र उन्नत आर्थिक समृद्धिका लागि आयातभन्दा निर्यात बढी बनाउनुपर्ने अहिलेको प्रमुख आवश्यकता हो, जसका लागि उद्योग कलकारखानामा लगानी बढाउनुपर्छ। निर्यातको कुरा गर्दा वैदेशिक बजारमा नेपालको तयारी वस्तु र गलैंचा तथा तयारी पोशाकको ठूलो माग रहेको छ। यसका अलावा छालाबाट बनेका सामग्री जस्तैः जुत्ता, झोला, पन्जा आदि तथा जुट र हस्तकलाका सामग्री, चिया, घिउ अनि नेपाली कागजले पनि उत्तिकै सम्भावना रहेको अर्थ क्षेत्रका जानकारले बताउँदै आएका छन्। यसर्थ यस्ता वस्तु उत्पादन र निकासीमा नेपालले उत्पादकलाई सही सहुलियतमा ऋण उपलब्ध गराउने, उत्पादन गर्न प्रोत्साहन गर्ने जस्ता काम गर्न सके वैदेशिक व्यापार उँभो लाग्न सक्छ।

अहिले नेपालबाट निर्यात हुने सामानको गुणस्तरका सम्बन्धमा बेलाबखत प्रश्न उठ्ने गरेको छ। विश्व बजारमा ठूलो प्रतिस्पर्धा छ। यो कसैबाट लुकेको विषय होइन। यस विषयमा व्यवसायी र उद्यमी सबै जानकार छन्। वास्तवमा वस्तुको गुणस्तर महत्वपूर्ण कुरा हो। हामीले उत्पादनको परिमाणभन्दा गुणस्तर सुधारमा विचार पुऱ्याउन सक्नु पर्छ। बरु थोरै उत्पादन होस्, तर राम्रो गुणस्तरको होस् भन्ने कुरामा विचार पुऱ्याइएन भने बजारमा खपत हुन गाह्रो हुन्छ। नेपालले उत्पादन गर्ने वस्तुहरूको प्रायः सबै कच्चापदार्थ विदेशबाट आयात हुने गर्छ। तसर्थ, आगामी दिनमा नेपालले पनि आफ्ना प्राकृतिक स्रोतको उत्खनन् लगायत उत्पादनका लागि आवश्यक कच्चापदार्थको उत्पादन गर्न सक्नु पर्छ, जसले वस्तुको उत्पादन लागत घटाउन मद्दत पुऱ्याउँछ। यद्यपि नेपालले यो क्षेत्रमा दीर्घकालीन उत्पादन योजना मुताविक काम गरेको पाइँदैन।

तत्काललाई भन्दा भविष्यलाई विचार गरेर कलकारखाना उद्योगधन्दा खोलिनुपर्छ, जुन वस्तुको उत्पादन हुन्छ, त्यसको दिगो वातावरण निर्माण गर्नुपर्छ। उत्पादित वस्तु निर्यातमा वृद्धि गर्न गुणस्तरयुक्त सामान उत्पादन हुनु आवश्यक छ। यसका निम्ति दक्ष जनशक्ति, मेसिन तथा औजार र आवश्यक लगानी चाहिन्छ। आवश्यक परे यस्ता विषयमा विदेशबाट सहयोग लिन सक्नु पर्छ। यसका निम्ति सरकारले पनि खर्च बढाउँदै लैजानुपर्छ। यस क्षेत्रमा छुट्याएको रकम समयभित्र नै खर्च गर्नुपर्छ। विगतका सरकारले जुन क्षेत्रका लागि रकम छुट्याएको हो, त्यस क्षेत्रमा खर्च नभएर फ्रिज हुने गरेको परिपाटीलाई अब अन्त्य गर्नुपर्छ। नेपाली वस्तु उत्पादन गरी त्यसलाई निर्यातयोग्य बनाउने काममा राज्यले लगानी गर्नुपर्छ।


नेपालमा उत्पादन भएका ऊनी गलैंचाको ७५ प्रतिशत जर्मनीमा खपत हुन्छ भने सम्पूर्ण तयारी पोशाकको ८० प्रतिशत खपत अमेरिकाले मात्रै गरिरहेको वर्तमान परिवेशलाई बुझेर बाँकी देशमा पनि व्यापार बढाउन पहलकदमी गर्नु आजको माग हो। केही वर्षअघि मित्रराष्ट्र भारततर्फ कृषिमा आधारित वस्तु निर्यात हुन्थ्यो, तर वर्तमान परिस्थितिमा भारतबाट नेपालमा कृषिजन्य वस्तुको आयात बढ्दै गएको छ। बङ्गलादेश, श्रीलङ्का, इटली, बेलायत, फ्रान्स, बेल्जियम, स्विट्जरल्यान्ड लगायत मुलुकमा नेपाली सामान निर्यात हुने हुँदा त्यस्ता देशको बजारलाई मध्यनजर गर्दै वस्तुको उत्पादन गरिनुपर्छ।



देशको आर्थिक विकासमा औद्योगिकीकरणको महत्वपूर्ण योगदान हुन्छ। औद्योगिकीकरणका लागि न्यूनतम पूर्वाधार तथा भौतिक सुविधाको सुनिश्चितता भएको विशेष स्थानलाई औद्योगिक क्षेत्र भनिन्छ। नेपालको औद्योगिक क्षेत्र सुधार हुन नसक्नुका पछि धेरै कारण छन्। सही र दीर्घकालीन सोच भएको नीति बनाउन नसक्नु पनि एउटा कारण हो। भूपरिवेष्टित मुलुकलाई पारवहन समस्या पनि पर्न सक्छ। यसका लागि भएका सम्झौताको उपभोग हामीले गर्न सक्नु पर्छ। विशेष गरी अन्तर्राष्ट्रिय बजार हेरी हामीले गुणस्तरीय वस्तु उत्पादन गर्न सक्नु पर्छ। अनि मात्र हाम्रो व्यापार सन्तुलनमा कायम राख्न सक्छौँ। यसका लागि ऐन, कानून, नीतिनियम अभाव छन् भने तुरुन्तै ल्याउनु पर्छ।

औद्योगिक क्षेत्रका लागि पक्की सडकको पहुँच र उद्योगहरूको जडित क्षमतालाई धान्ने गरी छुट्टै प्रसारण लाइनमार्फत अविच्छिन्न विद्युत् आपूर्तिको व्यवस्था गर्नुपर्छ। उद्योग स्थापनाका लागि पर्याप्त जमिन, ढल निकास र चौबिसै घण्टा शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्छ। कुनै पनि उद्योग सञ्चालनका लागि अनिवार्य आवश्यकताको रूपमा रहेको विद्युतीय व्यवस्थादेखि अन्य पूर्वाधारमा ध्यान दिनुपर्छ। केही वर्ष पहिले विद्युतीय अभावमा उद्योगहरू बन्द हुने अवस्थामा थिए, तर अहिले त्यो अवस्था छैन। विगत झैँ अहिले लोडसेडिङको अवस्था छैन। उद्योग तथा कलकारखानाका लागि यो खुशीको कुरा हो। उद्यमीहरूलाई विद्युत् सहजै आपूर्ति गर्न सरकारले चाँजो मिलाउनु पर्छ।

अहिले सरकारले लोडसेडिङ अन्त्यको अवधारणा अघि सारेको छ। उद्योगीलाई उचित वातावरण लगानीको सुनिश्चितता हुन सके उद्योगी लगानी गर्न इच्छुक हुन्छन्। यस्ताखालका समस्या समाधान गर्नेतर्फ नेपाल सरकारले जागरुकता देखाउन सक्नु पर्छ। राज्य स्तरबाट पहलकदमी नभएसम्म वैदेशिक व्यापारमा विस्तार तथा सुधार हुन सक्दैन। वैदेशिक व्यापारमा सुधार नआएसम्म नेपालको आर्थिक अवस्था माथि उठ्न सक्दैन। *गोप*



# योग गर्दा हुने फाइदाहरु

अन्तर्राष्ट्रिय योग दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ। योगका विभिन्न आसन तथा ध्यान लगायतका कार्यक्रम गरी अन्तर्राष्ट्रिय योग दिवस मनाउन लागिएको हो। भारतको नेतृत्वमा शुरुवात गरिएको योग दिवस मनाउन अभियानलाई संयुक्त राष्ट्र संघको साधारणसभाले ११ डिसेम्बर २०१४ मा मान्यता दिएको थियो। राष्ट्र संघले मान्यता दिएसँगै २१ जुनलाई विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय योग दिवस मनाउन थालिएको हो।

बदलिँदो जीवनशैलीका कारण उत्पन्न हुने विभिन्न किसिमका शारीरिक रोग तथा मानसिक तनाव समाधान गर्न योगलाई प्रभावकारी मानिएको छ। पछिल्लो समय देखिँदै आएका कतिपय स्वास्थ्य समस्याहरु योग गरे समाधान हुने चिकित्सकहरु बताउँछन्।

**के हो योग ?**

सजिलो भाषामा भन्दा योग भनेको मनलाई शरीरसँग जोड्नु हो। मनलाई आत्मासँग जोड्नु नै योग हो। योग भनेको साधना हो। योगको उत्पत्ति संस्कृत शब्द 'युज'बाट भएको मानिन्छ। युजको अर्थ 'जोड्नु' वा 'मिलाउनु' हो। यौगिक क्रियाहरूको माध्यमबाट शरीर, मन र आत्माबीचमा संयोग स्थापित गर्नु नै योग हो। विवेकको साधना गर्नु, मनको विग्रह नियन्त्रित गर्नु, आत्म साक्षात्कार गर्नु नै योग हो। हामी सबै मनुष्यभित्र आत्मा छ। त्यही आत्मालाई परमात्मासँग मिलाउनु नै योग हो।

संसारमा ८४ लाख प्रकारका जीवन छन्। जुन बेलामा आत्माहरूको सृष्टि भए, आत्मा शरीरमा गए, बन्धनमा भए। त्यसैले मान्छेको जीवन एक मात्र यस्तो माध्यम हो, जसमा ती सबै बन्धनलाई तोडेर आत्मालाई मोक्षतिर लैजान सकिन्छ। कर्मको विकारले आत्मा घेरिएको हुन्छ। यस्तो बेलामा विकारलाई हटाउने र आत्मालाई खुला गराउने योग मात्र साधन हो।

खुला भएको आत्मा नै परमात्मासँग गएर मिल्छ। वास्तवमा जीवनको उद्देश्य नै यही हो। त्यसैले ८४ लाखमध्ये मानिसको जुनी एक उत्कृष्ट अवसर हो। योगको माध्यमबाट ध्यानमा जाने र आत्मा वरपरका विकारलाई हटाउनु र परमात्मासँग साक्षात्कार गर्नु नै मानिसको जीवनको उद्देश्य हो। त्यसैले योग भनेको जोडिनु हो।

शरीर तन्दुरुस्त बनाउन र अनेक रोगहरुबाट छुटकारा पाउन मानिस नियमित योग गर्ने गर्दछन्। चिन्ता, मानसिक तथा अन्य रोगहरूको निदानका लागि पनि मानिसहरूले योगको सहारा लिइरहेका छन्। योग एउटा यस्तो वैज्ञानिक विद्याको रूपमा प्रकट भयो, जसको प्रयोगले रोगब्याधिबाट त बच्न सकिने भयो। योभन्दा पनि कैयौं गुणा महत्वपूर्ण छ, योगको आध्यात्मिक पक्ष। प्रत्येक जीवमा ब्रह्मको दर्शन एवम् ब्रह्माण्डको समग्रता बुझ्नु र त्यसलाई आत्मसात गर्नु योगको प्रमुख ध्येय हो। हिन्दू धर्मग्रन्थमा योग तथा साधनाका अध्यायहरू प्रस्तुत गरिएका छन्। हिमालय र त्यस भेगसँग जोडिएका क्षेत्रमा योगको प्रादुर्भाव भएको हो।

**योगका प्रकार ?**

शारीरिक अभ्यासहरूमा हठयोग र अष्टागयोग धेरै प्रचलित छ। जसमा आसन र प्राणायामहरूको धेरै व्याख्या गरिएको छ। जसले शरीर र मनलाई शुद्ध बनाएर ध्यानतिर लैजाने काम गर्छ।

श्रीमद्भागवत गीतामामा भने १८ प्रकारको योगको व्याख्या गरिएको छ। गीतामा १८ मध्ये प्रत्येक अध्याय एक-एक योगको नाममा समर्पण गरिएको छ। त्यसैले १८ वटा योग त गीताले मात्र उल्लेख गरेको छ। अहिले हजारौं उपनिषद् छ भन्ने गरिन्छ। दुई सय १८ वटा उपनिषद मात्र लिखित प्रमाणमा छन्। ३२ वटा उपनिषदले योगबारे व्याख्या गरेका छन्। त्यसैले सामान्य मानिसले चिन्ने भनेको अष्टारुङ्ग योग, ज्ञान योग,कर्म योग, भक्ति योग, सन्यास योग, कुण्डलिनी योग, कर्मसन्यास योग लगायतका योग छन्। तर, हाम्रो समाजमा अहिले मानिसले चिन्ने योग भनेको आसन योग हो।

यो वास्तवमा योग होइन। अष्टांग योगमा आठ वटा अंग हुन्छन्। यम, सामाजिक अनुशासन नियम व्यक्तिगत अनुसशासन आशन शारीरिक अनुशासन प्राणायम प्राण शक्तिलाई नियन्त्रण गर्नु अर्को हो। प्रत्याहार जसले हाम्रो शरीरमा रहेका ज्ञानेन्द्रीयहरूलाई बाहिर जानबाट रोक्छ। जसले हाम्रो मनलाई भित्रै राख्न सकोस्। अर्को हो धारणा, ध्यान र समाधि यो अष्टांग योग हो। आधुनिक समाजमा चलेको योग भनेको बिहान बेलुका घर वा योगशालामा गएर गरिने आसन नै योग हो।

**यस्ता छन् योगका फाइदा**

योगले शरीर र मनलाई सन्तुलित रूपमा समन्वय गरेर हटाउँछ। तर, सही तरिकाले नगरिए फाइदाभन्दा बेफाइदा बढी गर्छ। उपयुक्त तरिकाले योग गरे सबै अंग, प्रत्यंग र ग्रन्थीहरूको व्यायाम हुन्छ र सबै अंगलाई सहज बनाइदिन्छ। रोग प्रतिरोधात्मक क्षमतालाई बढाउँछ। बुढेसकालमा पनि जवान झैं स्वस्थ र स्फूर्त बनाउँछ भने योगका आसनहरूले मांसपेशीलाई बलियो बनाउँछ। योगले तनाव भगाउँछ। मीठो निद्रा लगाउँछ। भोक जगाउँछ र पाचन प्रक्रियालाई सही ढंगबाट चलाउँछ। प्राणायामले स्वासप्रश्वासको गति नियन्त्रण गर्छ।

यसका साथै ध्यान पनि योगको महत्वपूर्ण अंग भएकाले ध्यानले एकाग्रता बढाउँछ। तनाव कम गराउँछ। नियमित योगाभ्यासले शरीरमा चिनी र कोलस्ट्रोलको मात्रा घटाउँछ। नियमित गर्न सके योगका आसन र ध्यानले बाथरोग, पछाडि दुख्ने (ब्याक पेन)को समस्या कम गर्छ। महिलाहरूमा महिनावारीका बेला देखिने समस्या तथा गर्भवतीहरूले योग गर्दा पेटभित्रको बच्चालाई समेत फाइदा हुन्छ। तीन चार वर्षदेखि नै बालबालिकालाई योग गराउँदा उनीहरूको दिमाग तीक्ष्ण हुने र शरीर पनि स्वस्थ हुन्छ।

# ‘जनतालाई उत्पादनसँग जोड्नुपर्छ’



**दमक, असार ६।** जनतालाई उत्पादनसँग जोड्नु अहिलेको आवश्यकता भएको पूर्व अर्थमन्त्री जनार्दन शर्मा (प्रभाकर)ले बताएका छन् ।

नेकपा (माओवादी केन्द्र)का उपमहासचिव एवम् संगठन विभाग प्रमुख समेत रहेका शर्माले दमकमा आयोजित कार्यक्रममा बोल्दै जनतालाई उत्पादनसँग जोड्नुपर्ने उल्लेख गरे । माओवादी केन्द्रको पूर्वेली संगठन सुदृढीकरण अभियान अन्तर्गत दमक नगर कमिटीले आयोजना गरेको प्रशिक्षण कार्यक्रममा शर्माले समाजवादको रटानले मात्र समाजवादमा नपुगिने र त्यसका लागि स्पष्ट कार्यदिशा र कार्यक्रम आवश्यक रहेको बताए ।

२०६० को दशकमा शान्ति सम्झौता नहुँदै ‘उत्पादन र विकास’लाई नारा बनाउन आफूले नेतृत्वलाई सुझाएको भए पनि नेतृत्वले त्यसलाई बेवास्ता गरेको गुनासो गरे । संगठन सुदृढीकरण अभियान अन्तर्गत दमक नगर कमिटीले अघि सारेको एक लाख बिरुवा रोप्ने कार्यक्रमको प्रशंसा गर्दै नेता शर्माले त्यो बेलादेखि नै पार्टीले यो नारा अघि बढाएको भए यतिबेला मुलुक हरियाली भइसक्ने दाबी गरे ।

कार्यक्रममा बोल्दै नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नि)ले पद्धतीमा हिँड्न नसकेकाले पार्टी बलियो हुन नसकेको जिकिर गरे । सोझासिधा र इमान्दार कार्यकर्ता जहिले पछि पर्नुपर्ने र बिचौलिया हाबी हुने हुँदा पार्टी गलत दिशातिर धकेलिएको उनले गुनासो गरे । उनले पार्टी बनाउन विचौलियाको अन्त्य हुनुपर्ने र नेता जनतामाझ जानुपर्ने उनले सुझाए । उनले दमक क्षेत्रमा ४२ हजार लिची, आँप, अम्बक, अनार लगायतका फलफुलका बिरुवा वितरण गरिसकेको जानकारी दिए ।

कार्यक्रममा केन्द्रिय सदस्य रञ्जित तामाङ, हरिकुमार राना लगायतले शुभकामना मन्तव्य राखेका थिए । दमक नगर कमिटी अध्यक्ष रबि बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका प्रदेश अध्यक्ष हर्क नेम्बाङ (मिक्सो), प्रदेश सदस्यहरु भवानीप्रसाद दंगाल (भानु), सीपी कडरिया, गगन पुरी, खड्ग कन्दङ्वा (रोशन), दुर्गा चम्लागाई (श्रीकान्त), नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, नेपाल प्रेस युनियन झापाका अध्यक्ष गिरीराज भट्टराई लगायतको उपस्थिति रहेको थियो ।

नगर सचिव डम्बर बोहोराले सञ्चालन गरेको कार्यक्रममा सहभागीलाई इन्चार्ज बेदु गौतमले स्वागत गरेका थिए ।

नेकपा (माओवादी केन्द्र)ले दमकमा पूर्वेली संगठन सुदृढीकरण अभियान अन्तर्गत नगरको बिस्तारित बैठक तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । संगठन सुदृढीकरण अभियानसँगै फलफूलका बिरुवा रोपन तथा वितरण समेत गरेको थियो ।

कार्यक्रममा पार्टीका विभिन्न तह र तप्कामा रहेर पार्टीलाई सहयोग गर्नेलाई सम्मान गरिएको थियो ।

पार्टी जेठ १३ गतेदेखि एक घर एक बिरुवा भन्ने नाराका साथ कागती, आँप, लिचि, अम्बक लगायतका फलफूलका बिरुवा वितरण तथा रोपन गर्दै आएको अभियानका संयोजक तथा पार्टीका झापा संयोजक राजु आचार्य (अग्नि)ले जानकारी दिए ।

अभियान अन्तर्गत एक लाख फलफुलका बिरुवा रोपनको लक्ष्य राखिएको बिरुवा व्यवस्थापनकी संयोजक तथा नगर सचिवालय सदस्य समुन्द्र लामालले जानकारी दिइन् । उनले एकलाख बिरुवा रोपन तथा वितरणको लक्ष्य राखिए पनि स्थानीयले माग गरेको खण्डमा थप बिरुवा वितरण गरिने बताइन् ।

नगर सदस्य डम्बर बोहोराका अनुसार फलफूलका बिरुवा रोपनसँगै पार्टीले एक विगाह जग्गा लिजमा लिएर फलफूल खेती गर्नेछ । उनले करिब दुई करोडको लगानीमा फलफूलका बिरुवा रोपन तथा वितरण गरिएको बताए ।

# पालिकास्तरीय सिलाई कटाई तालिम

**कमल, असार ६।** कमल गाउँपालिकाले गाउँपालिका स्तरीय सिलाई कटाई तालिम केन्द्रको शुरुवात गरेको छ ।

नियमितरूपमा सञ्चालन हुने सिलाई कटाई तालिम केन्द्रको एक कार्यक्रमका बीच गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले उद्घाटन गरेका थिए ।

गाउँपालिकाका हरेक वडामा भएका बेरोजगार महिलालाई समेटेर तालिम प्रदान गर्ने उद्देश्यले तालिम केन्द्र सञ्चालनमा ल्याइएको हो । यो तालिम अत्यन्तै प्रभावकारी छ । महिलाहरू सक्षम भएमात्र हरेक क्षेत्र सबल र सक्षम हुने भएकोले महिलाहरूको क्षमता विकासमा गाउँपालिका लागीपरेको छ ।

‘पहिलेको जस्तो तालिम दिँदै छोड्ने होइन हाम्रो कार्यकाल भरिमा तापाईहरुलाई पूर्णरुपमा सीप सिकाएर सक्षम बनाउँदै जिविकोपार्जन बनाउनेसम्मको जिम्मा लिनेतर्फ पालिका लागेका छौं ।’ -अध्यक्ष राईले भने ।

तालिमपछि आफूले सिकेको सीपलाई व्यवहारमा लागू गर्न आग ह गर्दै अध्यक्ष राईले सीपलाई व्यवहारमा उतार्न आग्रह गरे । नियमित रुपमा तालिममा सहभागी हुन तथा ध्यान दिएर सिक्न आग्रह गर्दै बर्खाको समय भए पनि तालिम नियमित सञ्चालन हुने भएकोले आफ्नो अनुकूल समय मिलाएर तालिम लिन समेत गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले सहभागीलाई अनुरोध गरिन् ।

नियमितरुपमा तालिममा सहभागी भई प्रशिक्षकले सिकाएका कुरालाई ध्यानपूर्वक सिकेर आफ्नो व्यवहारमा लागू गर्न सकेमा आर्थिक र समाजिक रुपमा समेत सक्षम हुने भएकोले नियमित तालिममा सहभागी हुन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले सहभागीलाई अनुरोध गरे ।




कमल गाउँपालिकाले पछिल्लो समय हरेक नागरिकलाई स्वरोजगार बनाउनका लागी विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यसै अन्तर्गत यो सिलाई कटाई तालिम केन्द्रको स्थापना गरेको हो । यो तालिम केन्द्र अन्य तालिम जस्तो नभएर वर्षभरी नियमित रुपमा सञ्चालन हुने बताइएको छ ।

एक पटकमा ३० जना महिलाले तालिममा सहभागी हुन सक्ने छन् । तीन महिनामा तालिम प्राप्त बनाएर पुनः अर्को तालिम सञ्चालन गरिने कमल गाउँपालिका महिला तथा बालबालीका शाखा प्रमुख रीता कार्की रिजालले जानकारी दिइन् ।

# निःशुल्क स्वास्थ्य शिविर



**अर्जुनधारा, असार ६।** अर्जुनधारा-५ फूलबारीस्थित शहरी स्वास्थ्य केन्द्रको आयोजनामा एक दिने विशेषज्ञ सेवासहितको निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

अर्जुनधारा-५ नं. वडा कार्यालयको आर्थिक सहयोग र अर्जुनधारा-९ स्थित शनिश्चरे अस्पतालको प्राविधिक सहयोगमा आयोजित उक्त शिविर वडामा रहेका महिलाहरुलाई लक्षित गरी सञ्चालन गरिएको वडाध्यक्ष गीताराज खड्काले जानकारी दिए ।

शिविरमा विशेषज्ञसहितको सेवासँगै गर्भवती महिलाहरुलाई पोषिलो आहार वितरण, रगत तथा पिसाब परीक्षण, महिला स्वयम्सेविकाहरुलाई स्वास्थ्य सामग्री दुई थान बिपी सेट र दुई थान थर्मोमिटर वितरण गरिएको केन्द्रका प्रमुख रोशन बस्नेतले जानकारी दिए ।

अस्पतालका डाक्टरद्वय डा. दीपा बखती र डा. सन्तोषकुमार शाहले स्वास्थ्य परीक्षण गरेको शिविरमा ८० जनाभन्दा बढीले सेवा लिएको बताइएको छ । सोही कार्यक्रममा वडाको उत्कृष्ट महिला स्वयम्सेविका सम्मानबाट तारा सापकोटालाई सम्मान गरिएको थियो । वडाध्यक्ष खड्काको अध्यक्षता र अस्पतालका डा.शाहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रमको सञ्चालन केन्द्र प्रमुख बस्नेतले गरेका थिए ।

# वन अधिकृतद्वारा काठ मिलको उद्घाटन



– विमल दहाल

**इलाम, असार ६।** माई कोशी प्रदेश सरकारको साझेदारीमा निर्माण भएको वेण्ड-स (काठ मिल) डिभिजन बन कार्यालय इलामका प्रमुख दानबहादुर श्रेष्ठले एक कार्यक्रमका बीच उद्घाटन गरेका छन् ।

माई-२ को नमस्ते चौक नजिक निर्माण सम्पन्न वेण्ड-स कोशी प्रदेश सरकारको चार लाख ७४ हजार रुपैयाँ र बाँकी नमुना सामुदायिक वन समूहको लागत साँझेदारी गरी कुल दश लाख रुपैयाँको लागतमा सम्पन्न भई सञ्चालनमा आएको नमूना सामुदायिक वन उपभोक्ता समूह माई-२ र ४ का अध्यक्ष केशव दाहाल (कोवित)ले जानकारी दिए ।

नमूना सामुदायिक वन समूह माई-२ र ४ ले नौमति बाजा र स्वस्तिक मन्त्र वाचन गर्दै सामुदायिक काठ मिल सञ्चालनमा ल्याएको हो । सामुदायिक वनका उपभोक्ता र अन्य गैर उपभोक्तालाई वनबाट उत्पादित गोलिया काठ चिरानमा सहजताका लागि सामुदायिक वेण्ड-स सञ्चालनमा ल्याइएको नमूना सामुदायिक वन समूहका अध्यक्ष दहालले जानकारी दिए ।

नमूना सामुदायी वन समुहका अध्यक्ष दहालको अध्यक्षता र डिभिजन वन कार्यालय इलामका प्रमुख श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न वेण्ड-स उद्घाटन कार्यक्रममा सब डिभिजन वन कार्यालय सुखानीका प्रमुख मनिषा कार्की, इञ्जिनियर इन्द्रलाल खतिवडा, जमदार गणेश नेपाल, वन रक्षक ईश्वरी घिमिरे, कार्यालयका मन्जित राई, सामुदायिक वन उपभोक्ता महासंघका माई नगर अध्यक्ष देबी नेपाल सभागिता रहेको थियो ।

त्यस्तै वन, वातावरण शाखा प्रमुख ज्ञानेन्द्र रेग्मी, सुखानी सामुदायिक बन समूहका अध्यक्ष मंगलसिं लिम्बू, कल्पतरु सामुदायिक वन समूहका अध्यक्ष चन्द्रमणि पौड्याल अनुष्ठान वाचक पं. टेकनाथ भट्टराई लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन सचिव धनबहादुर कार्कीले गरेका थिए ।


**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००,९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**





बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**शोवर्मा पारखीहरूका लागि**
**यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**



**सम्पर्क**
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

**धुम्रपान र मद्यपान नगरौं स्वस्थ जीवन बाँचौं**

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होइन ।
- यसले मुटु, दम, श्वास-प्रश्वास क्यान्सर जस्ता दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं ।
- यसले तपाई र तपाईको परिवारलाई असर पुग्याउँछ ।
- त्यसैले, धुम्रपात र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**माई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सितली, इलाम

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : **निशान्त-**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra

**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आज तपाईलाई चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाइँको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ । छोटो दुरीको यात्रा हुनेछ, विपरीतलिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि आज सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, धैर्य रहनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, मायाप्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ ।